कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

## कोहलपुर नगरपालिका वडा नं. १ अन्तरगत ख लाईन श्री जगतजंग बुढाथोकीको घरदेखि बैजनाथ ४ जोड्ने कालोपत्रे बाटो निर्माण सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**संशोधित सूचना (प्रथम पटक प्रकाशित मिति २०७५/०९/११)**

उपरोक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका कोहलपुर नगरक्षेत्र भित्र रहेका बाटो निर्माण कार्य नगरसभाबाट पारित दररेट बमोजिमको शिलबन्दी टेण्डर प्रथाद्वारा ठेक्का लगाउनु पर्ने भएकाले ठेक्का सञ्चालन गर्न ईच्छुक संस्था वा फर्मले तपशिलमा उल्लेखित मिति र समयभित्र खरिद गरी टेण्डर दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. टेण्डर फाराम सूचना प्रकाशित मितिले १५ औ दिनको कार्यालय समयभित्र निवेदनसाथ बोलपत्र फाराम दस्तुर बुझाएको नगदी रसिद सहित पेश गरी खरिद गरिसक्नुपर्नेछ ।

२. दरभाउ पत्र दाखिला गर्दा दरभाउ पत्र तपशिल बमोजिमको जमानत धरौटी वापतको रकम यस कार्यालयको कृषि विकास बैंक, कोहलपुर शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरी सक्कलै बैंक भौचर नगदै वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टी शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।

३. दररेट शर्तहरु पालना गर्ने गरी रीतपूर्वक भरी शिलबन्दी दरभाउपत्र फाराम १६ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।

४. रितपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १६ औ दिनको १:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधीको रोहबरमा यस कार्यालयमा खोलिने छ । प्रतिनिधी अनुपस्थिति भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ । शिलबन्दी दरभाउ पत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको योजना शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

**शिलबन्दी दरभाउ पत्र सम्बन्धी कार्यको विवरण:**

| क्र. सं. | ठे.नं. | कामको विवरण | ल.ई.रकम(भ्याट बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/W-02/2075/76 | Ward Number 01"Kha" line Shree Jagatjung Budhathoki House to Baijhanath 04 Road Blacktop | 11,19,541.59 | 32,500.00 | 1,000.00 |